जनकपुरधाम उप-महानगरपालिका

जनकपुवधाम ऊप-महानगवपानिका

# नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा, मधेश प्रदेश, नेपाल

(शिक्षा तथा खेलकुद विकास शाखा)

पत्र संख्या :- २०८१/८२

चलानी नं. :- ३८८८

मितिः- २०८१/१०/२७

विषयः- कक्षा-८ को आवेदन फाराम म्याद थप सम्बन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै,

जनकपुरधाम उपमहानगरपालिका ।

प्रस्तुत विषयमा यस उप-महानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत आधारभूत तह कक्षा-८ को विद्यार्थीहरुको परीक्षा आवेदन फारम बुझाउन मिति २०८१/१०/२७ गते सम्म सिंगल दस्तुरको म्याद तोकिएकोमा उक्त समयाबधिमा फारम नबुझाउने संस्थागत विद्यालयहरुको हकमा मिति २०८१/१०/२८ गते देखि मिति २०८१/११/०४ गते सम्म दोब्बर दस्तुर तिरी फारम बुझाउन म्याद थप गरिएको छ । साथै उक्त मिति सम्म पनि आवेदन फारम नबुझाउने विद्यालयका विद्यार्थीहरुलाइ परीक्षामा सहभागी नगराउने र सोको जिम्मेबार सम्बन्धित विद्यालय नै हुने व्यहोरा २०८१/१०/२६ गतेको आधारभूत तह परीक्षा समितिको निर्णयानुसार अनुरोध छ ।

<u>विद्यालयले फारम बुझाउदा ध्यानदिनुपर्ने कुराहरुः-</u>

१. विद्यार्थीको जन्मदर्ता प्रमाण पत्रको आधारमा विद्यालयको इमिस सिस्टममा अध्याबधिक भएका विद्यार्थीहरुको विवरण सच्याउनुपर्ने छ र विद्यार्थीको विवरण(विद्यार्थीको नाम, बुबाको नाम, आमाको नाम र जन्म मिति) सच्याइ सके पछि विद्यालयको एकाउन्टबाट नै परीक्षा आवेदन फारम प्रिन्ट गरेर फोटो टांस गरी जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी सहित तोकिएको मिति भित्र अनिवार्य रुपमा बुझाउनुपर्ने छ ।

२. विद्यालयको एकाउन्ट लगिन गरी Manage Exam अन्तर्गत रहेको control sheet export गरेर परीक्षा आवेदन फारमको संख्या र control sheet को संख्यामा फरक नपर्ने गरी समष्टिगत विवरण बुझाउनुपर्ने छ।

३. विद्यालयहरुले परीक्षा आवेदन फारम बुझाइसके पछि मात्र यस कार्यालयबाट सिम्बोल नं. कायम गरिनेछ र सिम्बोल नं. कायम भइ सकेपछि विद्यालयहरुले सिम्बोल नं. कायम भएका विद्यार्थीहरुको प्रवेश पत्र २(दुई) प्रति प्रिन्ट गरेर फोटोटाँस गरी यस कार्यालयबाट प्रमाणित गराइ विद्यालयबाट वितरण गर्नुपर्ने छ ।

१०/२६

(धीरेन्द्र लाल कर्ण)

नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत